नेपाल सरकार

सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

**निजामती कर्मचारीलाई E.MBA/M.Phil अध्ययनका लागि छात्रवृत्तिको अवसर सम्बन्धी सूचना**

(सूचना प्रकाशित मिति: २०७४।०१।२४)

यस मन्त्रालयको आ.व. २०७३।७४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत नेपालका मान्यता प्राप्त शैक्षिक संस्थामा देहायका तह तथा संकायमा अध्ययन गर्नका लागि निजामती कर्मचारीहरुलाई अध्ययन छात्रवृत्ति उपलब्ध गराईने भएकोले यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र तोकिएको ढाँचामा आवेदनसाथ आवश्यक कागजातहरु यस मन्त्रालयको जनशक्ति विकास शाखामा पेश गर्नुहुन सम्बन्धित सबै इच्छुक निजामती कर्मचारीहरुलाई जानकारीका लागि सूचित गरिन्छ ।

**E.MBA अध्ययन छात्रवृत्ति अन्तर्गतः**

१. छात्रवृत्ति प्रदान गरिने तह : **E.MBA (Executive MBA)**

२. छात्रवृत्तिको संख्याः ७ (सात)

३. छात्रवृत्तिको रकमः E.MBA अध्ययन पूरा गर्न शैक्षिक संस्थामा बुझाएको रकम वा एकमुष्ट रु. दुई लाखमध्ये जुन कम हुन्छ सोही बमोजिमको भुक्तानी गरिनेछ ।

४. आवश्यक योग्यताः

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण भएको,

(ख) ४५ वर्ष उमेर ननाघेको,

(ग) निजामती सेवाको पदमा स्थायी नियुक्ति पाई कम्तीमा ३ वर्षको सेवा अवधि पूरा गरेको,

(घ) स्वदेश भित्रका मान्यता प्राप्त विश्वविद्यालय वा सोबाट सम्बन्धन प्राप्त शिक्षण संस्थामा E.MBA मा प्रथम सेमेष्टर/वर्षमा भर्ना भएको हुनुपर्ने ।

५. दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरुः

(क) रितपूर्वक भरिएको आवेदन फाराम

(ख) स्थायी नियुक्तिको प्रमाणपत्रको प्रतिलिपी

(ग) कार्यरत कार्यालयको सिफारिस पत्र

(घ) छात्रवृत्ति प्राप्त गर्नका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताको मार्कसिट/ट्रान्सक्रिप्ट तथा प्रमाणपत्रको प्रतिलिपी

(ङ) आफुले अध्ययन गरेको शैक्षिक संस्थाको प्राध्यापकको सिफारिसपत्र

(च) अध्ययन योजना (Study Plan) निबन्ध (२००० शव्दमा नबढाई)

(छ) E.MBA कार्यक्रममा भर्ना भएको निस्सा

६. छात्रवृत्ति प्रदान गर्नका लागि छनौट विधिः दरखास्तवाला कर्मचारीले स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गर्दा प्राप्त गरेको शैक्षिक योग्यताको प्राप्तांक, भौगोलिक क्षेत्रमा काम गरेको अवधि, सेवा अवधि र दरखास्तसाथ पेश गरेको अध्ययन योजना (Study Plan) निबन्ध समेतको आधारमा देहाय बमोजिम अंकभार प्रदान गरी प्राप्त हुने योग्यताक्रमको आधारमा तयार गर्ने ।

| | |
|---|---|
| (क) स्नातक तह वा सो सरहको शैक्षिक योग्यताको प्राप्तांक | ३० अंक |
| (ख) भौगोलिक क्षेत्रमा काम गरेको अवधि | ३० अंक |
| (ग) सेवा अवधि | २० अंक |
| (घ) अध्ययन योजना (Study Plan) निबन्ध | २० अंक |

**एमफिल (M.Phil.) अध्ययन छात्रवृत्ति अन्तर्गतः**

१. छात्रवृत्ति प्रदान गरिने तह: एमफिल (M.Phil.)

२. छात्रवृत्तिको संख्याः २ (दुई)

३. छात्रवृत्तिको रकमः एमफिल अध्ययन पूरा गर्न शैक्षिक संस्थामा बुझाएको रकम वा एकमुष्ट रु. दुई लाखमध्ये जुन कम हुन्छ सोही बमोजिमको भुक्तानी गरिनेछ । साथै शोधपत्र तयारीका लागि एकमुष्ठ रु. दश हजारसमेत थप गरिनेछ ।

४. आवश्यक योग्यताः

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर तह वा सो सरहको परीक्षा उत्तीर्ण भएको,

(ख) ४५ वर्ष उमेर ननाघेको,

(ग) निजामती सेवाको पदमा स्थायी नियुक्ति पाई कम्तीमा ३ वर्षको सेवा अवधि पूरा गरेको,

(घ) स्वदेश भित्रका मान्यता प्राप्त विश्वविद्यालय वा सोबाट सम्बन्धन प्राप्त शिक्षण संस्थामा एमफिलमा प्रथम सेमेष्टर/वर्षमा अध्ययन गरिरहेको ।

५. दरखास्तसाथ संलग्न गर्नुपर्ने कागजात तथा विवरणहरुः

(क) रितपूर्वक भरिएको आवेदन फाराम

(ख) स्थायी नियुक्तिको प्रमाणपत्रको प्रतिलिपी

(ग) कार्यरत कार्यालयको सिफारिस पत्र

(घ) छात्रवृत्ति प्राप्त गर्नका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताको मार्कसिट/ट्रान्सक्रिप्ट तथा प्रमाणपत्रको प्रतिलिपी

(ङ) आफुले अध्ययन गरेको शैक्षिक संस्थाको प्राध्यापकको सिफारिसपत्र

(च) अनुसन्धान प्रस्ताव (Research Proposal)

(छ) एमफिल कार्यक्रममा भर्ना भएको निस्सा

६. छात्रवृत्ति प्रदान गर्नका लागि छनौट विधिः दरखास्तवाला कर्मचारीले स्नातकोत्तर तह वा सो सरहको परीक्षा उत्तीर्ण गर्दा प्राप्त गरेको शैक्षिक योग्यताको प्राप्तांक, भौगोलिक क्षेत्रमा काम गरेको अवधि, सेवा अवधि र अध्ययनका क्रममा निजामती कर्मचारीले पेश गरेको अनुसन्धान प्रस्ताव (Research Proposal) समेतको आधारमा देहाय बमोजिम अंकभार प्रदान गरी प्राप्त हुने योग्यताक्रमको आधारमा छनौट गरी छात्रवृत्ति प्रदान गरिनेछ ।

| | |
|---|---|
| (क) शैक्षिक योग्यताको प्राप्तांक | ३० अंक |
| (ख) भौगोलिक क्षेत्रमा काम गरेको अवधि | ३० अंक |
| (ग) सेवा अवधि | २० अंक |
| (घ) अनुसन्धान प्रस्ताव (Research Proposal) | २० अंक |

*आवेदन फाराम मन्त्रालयको website: www.moga.gov.np बाट download गर्न सकिनेछ ।*

**अनुसूची-१**

आवेदन फारामको ढाँचा

(दफा १३ सँग सम्बन्धित)

**शैक्षिक सत्र ...................... को लागि नेपाल सरकारबाट प्रदान गरिने अध्ययन छात्रवृतिको आवेदन फाराम**

| | |
|---|---|
| **अध्ययनको तहः** | |
| **हाल अध्ययनरत शैक्षिक संस्थाः** | |

| **व्यक्तिगत विवरणः** | | | | |
|---|---|---|---|---|
| कर्मचारीको नाम (देवनागरीमा) | | | | |
| कर्मचारीको नाम<br>(English BLOCK LETTER मा) | | | | |
| कर्मचारी संकेत नं. | | | | |
| जन्म मितिः | वि.सं. : | | ई.सं.: | |
| निजामती सेवामा प्रवेश मितिः | | | | |
| ब्लड ग्रुपः | | | | |
| लिङ्गः | पुरुष | ☐ | महिला | ☐ |
| वैवाहिक स्थितिः | विवाहित | ☐ | अविवाहित | ☐ |
| बाबु/आमाको नामः | | | | |
| हजुरबाबुको नामः | | | | |
| पति/पत्नीको नामः | | | | |
| स्थायी ठेगानाः | | | | |
| सम्पर्क ठेगानाः | | | | |
| कार्यरत कार्यालयको नाम, ठेगानाः | | | | |
| सम्पर्क नम्बरः | मोबाईलः<br>ईमेलः | | कार्यालयको सम्पर्क नम्बरः | |

| हाल कार्यरत पदः- | | |
|---|---|---|
| सेवाः | समूहः | उपसमूहः |

**शैक्षिक योग्यताः (माथिल्लो शैक्षिक योग्यता पहिलो क्रममा लेख्ने)**

| अध्ययन गरेको संस्था | अध्ययनको तह | उत्तिर्ण गरेको वर्ष | प्राप्तांक/ प्रतिशत | मुख्य विषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| निजामती सेवामा अनुभवको विवरणः | | | | | | |
|---|---|---|---|---|---|---|
| क.सं. | कार्यालयको नाम, ठेगाना | पद | बहाल रहेको मिति | | भौगोलिक क्षेत्रको वर्ग | कैफियत |
| | | | देखि | सम्म | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

| सिफारिश गर्नेको | अध्ययन गर्ने कर्मचारीको |
|---|---|
| दस्तखतः- | दस्तखतः |
| नाम,थरः- | नाम,थरः- |
| पदः- | पदः- |
| मितिः- | मितिः- |
| कार्यालयको नामः- | |
| कार्यालयको छापः- | |